नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७७ ७८ चौतारा

# प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लाभित्र उच्च सावधानी अपनाई नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सर्वमा विदितै छ । यसै सन्दर्भमा आज प्रमुख जिल्ला अधिकारी श्री अरुण पोखरेलज्यूको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको व्यहोरा अनुरोध छ।

निर्णयहरु:-

क. संचालन गर्न नपाईने कार्यहरु:-

१. सभासम्मेलन, व्यवसाय तथा नित्य पुजाको हकमा:

क. सबै प्रकारका सभा, सम्मेलन, गोष्टी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, मनोरञ्जन स्थल, सैलून ब्युटी पार्लर, हेल्थक्लब, जिमखाना, फुटसल, पुस्तकालय, रंगशाला हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने सबै प्रकारका कार्यक्रम सञ्चालन गर्न नपाइने ।

ख. खुला स्थानमा मानिसहरु भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस, जात्रा, महोत्सव, भोज भतेर, पुराण वाचन आदि गर्न गराउन नपाइने ।

ग. फुटपाथ तथा खुल्ला ठाउँमा संचालन हुने विभिन्न व्यापार व्यवसाय संचालनमा रोक लगाउने ।

घ. तोकिएको तरकारी बजार पसल बाहेक अन्य सार्वजनिक स्थल/बाटोमा तरकारी तथा फलफूल बिक्रि बितरण गर्न नपाइने ।

ङ. बिवाह, ब्रतवन्ध तथा सामुहिक रुपमा गरिने सांस्कृतिक कार्यहरु होटल तथा पार्टी प्यालेसमा गर्न नपाईने ।

च. पुजारीबाट हुने नित्य पुजा बाहेकका सम्पुर्ण धार्मिक तथा सांस्कृतिक गतिविधिहरु संचालन गर्न नपाइने।

२. शैक्षिक संस्थाहरु (बिद्यालय, कलेज, तालिम केन्द्र) ले भौतिक उपस्थितिमा पठनपाठन तथा परिक्षाहरु संचालन गर्न गराउन नपाउने ।

३. सार्बजनिक सवारी साधनहरुको हकमा:

क. सार्वजनिक सवारी साधन मिति २०७८/०३/०९ गते राती १२ बजेदेखि २०७८/०३/१५ गते राती १२ बजेसम्म संचालनमा रोक लगाउने ।

ख. अत्याबश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, बिरामी तथा कुरुवा बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी, पशु स्वास्थ्यकर्मी तथा सुरक्षा निकायको प्रयोग गर्ने सवारी साधन, जिल्लाभित्र सरकारी कामको लागि प्रयोग हुने सवारी साधन तथा कार्यालय आवतजावत गर्ने कर्मचारीहरुले प्रयोग गर्ने सवारी साधन र निजी सवारी साधन बाहेक अन्य रोक लगाउने ।

ख. सञ्चालन गर्न सकिने कार्यहरु

१. सर्वसाधारणको आवतजावतको हकमा:

क. घरबाट बाहिर निस्किदा दुई व्यक्तिबीच कम्तीमा २ मिटरको भौतिक दुरी कायम राख्ने। अनिबार्य रुपले मास्कको प्रयोग गर्ने । पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने । जनस्वास्थ्यका मापदण्ड पूर्वरुपले पालना गर्ने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र संख्या प्र.०७७ ७८ चौतारा

२. शैक्षिक संस्था, कृषि, उद्योग तथा निर्माण कार्यको हकमा:-

क. शैक्षिक संस्थाहरुले अनलाइन तथा भर्चुअल माध्यमबाट पठनपाठन कार्यहरु सञ्चालन गर्न सक्ने ।

ख. वैदेशिक अध्ययनमा जानुपर्ने विद्यार्थीहरु तथा कुटनैतिक नियोगबाट संचालन हुने परिक्षा तथा भिसा अन्तर्वार्ताका कार्यहरु र जरुरी राहदानी बनाउन जानुपर्ने व्यक्तिले जिल्ला प्रशासन कार्यालयमा सम्पर्क राख्ने ।

ग. उद्योग तथा कलकारखाना र सार्वजनिक तथा निजी निर्माण कार्य संचालन गर्दा कामदारहरु कार्यस्थलमा रहने गरी स्वास्थ्य मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

घ. कृषि कार्यमा संलग्न व्यक्तिहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी मल, बीउ, अन्य कृषि औजार ओसारपसार खरिद तथा प्रयोग गर्न सकिने ।

३. औषधी, भेटेनरी औषधी तथा स्वास्थ्य सामग्री, अत्यावश्यक खाद्य सामग्री तथा अन्य व्यापार व्यवसायको हकमा:

क. औषधी तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल जुनसुकै समयमा निर्बाध रुपमा सञ्चालन गर्ने ।

ख. खाद्यान्न, दुध तथा दुग्धजन्य पदार्थ, फलफुल, तरकारी, माछा मासु, पुजा सामग्री बिक्री वितरण गर्ने पसलहरु, खेलकुद सामग्री पसल, स्टेशनरी/पुस्तक पसलहरु जनस्वास्थ्यको मापदण्ड पालना गरी संचालन गर्न पाउने ।

ग. कपडा, जुत्ता, फेन्सी, कस्मेटिक, साडी, गिफ्ट आइटम, टेलरिङ्ग सोमवार बुधवार र शुक्रबार संचालन गर्ने ।

घ. सुनपसल, भाडा, भान्साजन्य विद्युतिय घरायसी सामग्री, अटोमोबाइल पार्टस पसल, इलेक्ट्रोनिक पसल,(मोबाइल तथा कम्प्यूटर पसल) आइतवार मंगलवार र बिहिवार संचालन गर्ने ।

ङ. निर्माणजन्य सामग्रीको पसल (हार्डवेयर पसल, बिजुलीको सामान, स्यानीटरी पसल, टायल, मार्बल, फर्निचर, कार्पेटिङ) दैनिक बिहान ११ बजेदेखि अपरान्ह ६ बजेसम्म संचालन गर्न पाउने। ठूलो परिमाणको ढुवानी राति मात्र गर्ने ।

च. पसल तथा व्यवसाय संचालन गर्दा कम्तिमा २ मिटरको भौतिक दूरी कायम गर्ने अनिवार्य रुपमा स्यानीटाइजरको व्यवस्था गर्ने र स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने । यदि तोकेबमोजिम स्वास्थ्य मापदण्ड परिपालना नगरेको अनुगमनको क्रममा भेटिएमा पसल तथा व्यवसाय तत्काल बन्द गराउन सकिने ।

छ. सवारी साधन मर्मतका लागि वर्कशपहरु २४ सै घण्टा सञ्चालन गर्न सकिने ।

४. बिवाह तथा ब्रतवन्धको हकमा

क. बिवाह तथा ब्रतबन्धको हकमा बढीमा १० जनासम्म स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने ।

ख. बिवाह वा ब्रतवन्धको हकमा २ वटा सवारी साधन (बेहुला बेहुली समेत) प्रयोग गर्ने गरी ब्यानरका आधारमा आवतजावत गर्ने ।

५. सार्बजनिक एवं निजी सवारी साधन सञ्चालनको हकमा:

क. अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, विद्युत मर्मत सम्भार, स्वास्थ्य सम्बद्ध (औषधी, अक्सिजन सिलिण्डर) दूरसञ्चार, इन्टरनेट मर्मत, कार्गो, कुरियर तथा डाँक सेवा र फोहोरमैला व्यवस्थापन सम्बन्धि ढुवानीका साधनहरुमा ब्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्ने ।

ख. स्वास्थ्यकर्मी, पशुस्वास्थ्यकर्मी, एम्बुलेन्स, बिरामी बोकेको सवारी साधन तथा स्वास्थ्य सामग्री ढुवानी गर्ने सवारी साधन स्वास्थ्य मापदण्ड पालना गरी परिचयपत्रका आधारमा सञ्चालन गर्ने।

ग. निजी सवारी साधन (कार, जिप, भ्यानमा बढीमा ४ जना) ट्याक्सीमा बढीमा तीन जना र मोटरसाइकल/स्कुटी जिल्लाभित्र जनस्वास्थ्यको मापदण्ड पालना गरी संचालन गर्न सकिने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७७ ७८ चौतारा

घ. सरकारी, सार्वजनिक संस्थान, कुटनितिक नियोग, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, कृषि, मल, विउविजन, पशु चिकित्सक लगाएत अत्यावश्यक सेवा प्रदायक सवारी साधनहरु निर्वाधरुपले सञ्चालन गर्ने।

ङ. तरकारी, फलफूल, खाद्यान्न, दूध तथा दूग्धजन्य पदार्थ र सो को प्याकिङ सामग्री कुखुराको दाना, चल्ला र पशुपंक्षिजन्य पदार्थ, भेटनरी सम्बन्धि कार्य, ईन्धन, खाना पकाउने ग्यास, सरसफाईमा प्रयोग गरिने मास्क/साबुन/स्यानीटाइजर, प्रिन्ट तथा सरकारी छापाखाना र कृषि कार्यमा प्रयोग हुने मल, बीउ लगायतका सामग्री ढुवानीका साधनमा ब्यानर वा प्रिन्टमा विषय उल्लेख गरी न्यनतम जनशक्ति प्रयोग गरी संचालन गर्ने।

च. सार्वजनिक तथा निजी निर्माण कार्यको लागि निर्माण सामग्री ढुवानी स्वास्थ्य मापदण्ड अपनाइ सञ्चालन गर्ने ।

छ. भन्सार विन्दुवाट Exit Note जारी भएका मालवाहक सवारी साधन तथा सम्वन्धित भन्सार प्रमुखले मालसामन छुटाउन भनि रुट खुलाई अनुमति स्वीकृती प्रदान गरेका त्यस्ता मालसामान छुटाउने भन्सार एजेन्ट तथा कर्मचारीलाई अनुमतिमा उल्लेख गरेको दिन र स्थानसम्म आवतजावत गर्न पाउने ।

ज. विदेश जाने यात्रुहरुले अन्तराष्ट्रिय उडानवाट आवतजावत गर्दा हवाई टिकट, पासपोर्ट, भिसा आदिका आधारमा सुरक्षा निकायले आवतजावत गर्न अनुमति दिने ।

झ. पत्रकार तथा सञ्चारकर्मीलाई सूचना तथा प्रशारण विभागको प्रेस पासका आधारमा आवतजावत गर्ने । सूचना तथा प्रशारण विभागको प्रेस पास नभएका सञ्चारकर्मी/कर्मचारीको हकमा आधिकारिक निकायमा दर्ता भएको सम्वन्धित सञ्चार गृहको परिचयपत्रका आधारमा आवतजावत गर्न सकिने ।

६. सरकारी कार्यालय, बैंक तथा वित्तिय संस्थाको हकमा

क. विश्वव्यापीरुपमा फैलिईरहेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण गर्न यस जिल्लामा मिति २०७८/०१/१४ गते देखि मिति २०७८/०३/०८ गतेसम्म आंशिक निषेधाज्ञा लागु गरिएकोमा आंशिक निषेधाज्ञाले मात्र रोकथाम नियन्त्रण फैलनबाट रोकन नसकिने भनि स्वास्थ्य कार्यालय लगायत सम्बन्धित विशेषज्ञहरुको धारणा तथा अन्य छिमेकी जिल्लाको अवस्थालाई समेत विचार गर्दा मिति २०७८/०१/२२ गते देखि लगाईएको पूर्ण निषेधाज्ञालाई अब नियमितता दिइरहँदा आर्थिक वर्षको अन्त्य, खेतिपातीको समय, लामो समयको निषेधाज्ञाको कारणले आर्थिक गतिविधिमा समेत समस्या सृजना भईसकेको अवस्था रहेकोले मिति २०७८/०३/०८ गते समाप्त हुने निषेधाज्ञाको अवस्थालाई प्रत्येक कार्यालयका कार्यालय प्रमुखले आ-आफनो कार्यालयको कामको प्रकृति, कर्मचारीको उपस्थिति, जिल्लाको वस्तुस्थिति लगायत कर्मचारीहरुको अवस्थालाई ध्यानमा राखी स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्णरुपमा पालना गर्ने गरी जुनसुकै समयमा कार्यालयबाट सेवा प्रदान गर्ने व्यवस्था सबै कार्यालय प्रमुखले मिलाउने ।

ख. बैंक, वित्तिय संस्था, धितोपत्र, बीमा, रेमिट, सहकारी गैरसरकारी संस्थाहरु स्वास्थ्य मापदण्ड पालना हुने गरी तालुक निकायको निर्देशन र कार्यालयको कामको प्रकृति हेरी कार्यालय प्रमुखले नियमित झै सेवा प्रवाह गर्न सकिने व्यवस्था मिलाउने ।

७. उल्लिखित आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यसको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही गरिनेछ ।

०८।३।०८

मितिः- २०७८/०३/०८

(अरुण पोखरेल)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी